STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

बालबालिकालाई पढ्न पठाऔं, उनीहरुको सुखद भविष्यलाई सुनिश्चित गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १७ गते सोमबार ❑ 31 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मानव जीवनरक्षा पहिलो प्राथमिकता : मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले नागरिकको जीवनरक्षा पहिलो प्राथमिकता भएको बताएका छन्।

पोखरा पर्यटन परिषद्लेआइतबारआयोजनागरेको अत्यावश्यक स्वास्थ्य उपकरण हस्तान्तरण कार्यक्रममा उनले खोपलाई पहिलो प्राथमिकता दिएर नागरिकको जीवनरक्षा लागि प्रदेश सरकारले प्राथमिकता साथ काम गरेको बताए।

उनले राष्ट्रपति विद्यादेवी भण्डारीबाट पनि खोपका लागि सकारात्मक पहल भएको र बजेटले पनि स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको जनाउँदै मन्त्रिपरिषद्बाट पनि खोप खरीद गर्नेको लागि सङ्घ सरकारलाई सिफारिश गरेको जानकारी दिए। उनले प्रदेश अक्सिजनमा आत्मनिर्भर रहेको उल्लेख गर्दै स्वास्थ्य उपचारका लागि आवश्यक पूर्वाधार निर्माणको कार्य द्रुत गतिमा



भइरहेको बताए। स्रोतसाधन र जनशक्तिकोसमेत अभाव हुन नदिन सरोकारवालालाई निर्देशन दिइरहेको जनाउँदै उनले बेलाबेलामा हुने 'टेक्निकल इरर'का कारण बिरामीको मृत्यु हुने दुःखद् भएको र यसलाई गम्भीररुपमा लिएको बताए। "पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठान कोभिड उपचार अस्पताल भएको छ अब सङ्क्रमितको उपचारका लागि कुनै पनि समस्या हुँदैन", उनले भने। परिषद्ले उपलब्ध गराएको अत्यावश्यक स्वास्थ्य उपकरणले कोभिड- १९ का बिरामीलाई उपचारमा सहज हुने उनले बताए।

पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले कोभिड-१९ को महामारीका समयमा मानवीय जीवनलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने धारणा राखे। मुख्यमन्त्रीले उक्त सामग्री सङ्क्रामक तथा सरुवा रोग अस्पतालका चिकित्सक विकास गौचन, पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सक डुकबहादुर क्षेत्री र मातृशिशु मितेरी अस्पतालका चिकित्सक पुष्कर गौचनलाई हस्तान्तरण गरेका थिए।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोरोना महामारीको अवस्थामा मानवीय सेवालाई केन्द्रबिन्दुमा राख्दै परिषद्को नेतृत्वमा उक्त सामग्री छिमेकी मुलुक चीनबाट आयात गरिएको जानकारी दिए।

उनका अनुसार करीब रु १५ लाख मूल्य बराबरको अत्यावश्यक कोभिड अक्सिजन कन्सन्ट्रेटेड मेशिन छ थानसहित अक्सिजन मेशिन (१० लिटर) चार थान, पिपिइ सेट ५०० थान, पञ्जा एक हजार थान, मास्क १० हजार थान स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो। नमस्ते कम्यूनिटी फाउण्डेशन अध्यक्ष भिष्म पौडेलले दुई थान अक्सिजन कन्सन्ट्रेटेड मेशिन सहयोग गरेका थिए।

सो सामग्री पोखराका पर्यटन व्यवसायी संघसंस्था, व्यवसायीलगायत रेवान पोखराका पूर्व महासचिव श्रीराम गिरीको समन्वयमा नेपलिज एशोसिएसन जर्जिया अध्यक्ष भवन्द्रे बस्नेत र अमेरिकाको जर्जिया राज्यका लागि जनसम्पर्क दूत दीपक पहारीसमेतले सहयोग गर्नुभएको संस्थाका महासचिव रामचन्द्र शर्माले जानकारी दिए।

## पोखरामा तरकारीको मूल्य प्राय: स्थिर

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ जेठ**



हिजोआज दैनिक उपभोग्य बस्तु अर्न्तगत किरानाका सामानमा मुल्य बृद्धि भए पनि हरियो साग–सव्जी सहितको तरकारीमा भने मूल्य स्थिर रहेको छ।

कोरोनाका कारण हाल बजार प्राय ठप्प भएकोले तरकारीको मुल्य प्रयाः स्थिर जस्तै भएको शान्ति वनवाटिका स्थित कृषि उपज थोक बजार (मण्डी) कार्यालयका योजना शाखा सहायक रुपा दाहालले बताइन्।

अब ३/४ दिनको पानी परेसंगै तरकारीको मुल्य बृद्धि हुन सक्ने उनको भनाई छ। नयाँ सिजनका फलफुल तरकारी पनुःबजारमा आउने हुदा बिचको केही समयमा उत्पादन कम हुदा मुल्य बढ्न सक्ने दाहालको बुझाई छ। पोखरा क्षेत्रमा हाल पनि कोरोनाको कारण निषेधाज्ञा जारी रहेको अबस्थामा हिजोआज दैनिक जसो करिब एक सय ४० मेट्रिक्टन हरियो साग सब्जी सहितको तरकारी खपत हुने गरेको योजना शाखा सहायक दाहालले बताइन्। अन्य सिजनमा पोखरामा करिब दैनिक जसो १ सय ६० देखि एक सय ८० मेट्रिक्टनसम्म तरकारी खपत हुने गरेको उनको दाबी छ।

पोखरा क्षेत्रमा अहिले पनि फलफुल तरकारी आउने गरेको दाहालले जनाइन्। उनले भनिन "बजारको माग अनुसार मुल्य घटबढ हुने हो, यतिवेला खासै तरकारीको माग धेरै छैन, मूल्य स्थिर रहेको छ।" पोखरामा हिजोआज करिब ७० प्रतिशत भन्दा बढी हरियो साग सव्जी देखि तरकारी भने यस क्षेत्रकै भएको उनले जनाइन्।

कोरोनाको समयमा फलफुल तरकारी किन्ने उपभोक्ताहरुले भने भौतिक दुरी कम्तिमा दुई मिटर टाडा कायम गर्नुपर्नेमा खासै पालना नगरेको तरकारी बिक्रेताहरुको गुनासो छ। फलफुल तरकारी बिक्रेताको भने हात हातमा तथा खल्तीमा सेनिटाइजर सहित फलफुल तरकारी बिक्रि गरेका छन्। पोखराको शान्तिवन वाटिका, पोखराको श्री कम्प्लेक्स बजार लगायतका ठाँउमा विहान ५ बजे देखि ९ बजेसम्म उपभोक्ताहरुको अध्याधिक भिडभाड हुने गरेको छ। पोखराको शान्ति वनवाटिका स्थित कृषि उपज थोक बजार (मण्डी) को मुल्य सूचि अनुसार आइतबार गोलभेडा ४५ देखि ५० प्रति केजी, फर्सी पाकेको प्रति केजी ३५ देखि ४०, भिण्डी प्रति केजी ५० देखि ६०, लौका प्रति केजी ४० देखि ५०, बन्दा प्रति केजी १५ देखि २५, काउली प्रति केजी ४० देखि ५०, मुला प्रति केजी ३० देखि ३५, करेला प्रति केजी ४० देखि ६०, घिरौला प्रति केजी ५० देखि ६० रुपैया मूल्य निर्धारण गरिएको छ। यद्यपी आम उपाभोक्ताहरुले खुद्रा पसलेहरुसंग भने करिब दोब्बर मुल्य तिर्नुपर्ने अबस्था रहेको एक सेवाग्राही शम्भु प्रसाद जैसवालले गुनासो गरे।

कोरोनाले गर्दा पनि धेरै आम उपभोक्ताहरुले खुलेर तरकारी फलफुल कम खाने गरेको केही खुद्रा पसलेहरुको गुनासो समेत रहेको छ। दिनभरी जसो कोठा बन्द गरेर राख्दा धेरै तरकारी कुहिने गरेको पसलेहरु बताउछन्।

## गण्डकी प्रदेश सभाको बजेट अधिवेशन शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ जेठ**

गण्डकी प्रदेश सभाको आठौँ अधिवेशन 'बजेट अधिवेशन' आइतबारदेखि शुरु भएको छ।

अधिवेशनअन्तर्गत आजको पहिलो बैठकमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका तर्फबाट सदस्यले समसामयिक राजनीति, केन्द्र सरकारले घोषणा गरेको बजेटलगायतमा आआफ्ना धारणा राखे।

जनता समाजवादी पार्टी नेपालका हरिशरण आचार्यले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल प्राप्तिका लागि भएका सबै किसिमका आन्दोलनका जगमा प्राप्त उपलब्धिलाई जोगाउनुपर्ने आवश्यकतामा जोड दिए। राष्ट्रिय जनमोर्चाका पियारी थापाले राजनीतिक विकृतिको महासंकटको भुमरीमा देश परेको बताइन।

नेकपा (माओवादी केन्द्र) का हरिबहादुर चुमानले संघीय लोकतान्त्रिक गणतन्त्रमाथि नै संकट बढ्दै गएका अवस्थामा प्राप्त उपलब्धिको रक्षाका लागि आफूहरू एउटा कित्तामा उभिएको बताइन। नेपाली काग्रेसका कृष्णचन्द्र नेपालीले दलहरू संवैधानिक र राजनीतिक दुवै मोर्चामा असंवैधानिक कदमका विरुद्ध लड्ने बताए।

भौतिक पूर्वाधार तथा शहरी विकास तथा यातायात व्यवस्थामन्त्री रामशरण बस्नेतले राजनीतिक स्थिरताका लागि आफूहरू प्रतिबद्ध रहेको बताए। प्रदेशसभाको अर्को बैठक यही जेठ १७ गते अपराह्न १ बजे बस्नेछ।

## पूर्ण खोपपछि मात्र व्यवसाय खोलिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ जेठ**

पश्चिमाञ्चल होटल संघ पोखराले होटल संचालक, कर्मचारी र मजदूरले कोभिड- १९ विरुद्धको खोप लगाएपछि मात्र व्यवसाय संचालन गर्न सकिने स्पष्ट पारेको छ।

संघका अध्यक्ष विकल तुलाचनले एक विज्ञप्ति जारी गरी निषेधाज्ञा हटे पनि होटलका कर्मचारी र परिवारको जीवन जोखिममा राखेर व्यवसाय संचालन नगर्ने स्पष्ट पारेका हुन्। विज्ञप्तिमा भनिएको छ- काठमाण्डौं बाहेक अन्य बाहिरी जिल्लाहरुमा पनि अतिथि सेवामा पाहुनाहरुसँग प्रत्यक्ष रुपमा खटिने होटल संचालक तथा कर्मचारीहरुलाई कोभिड विरुद्धको खोप प्रदान गर्न सम्बन्धित निकायमा पटक पटक ध्यानाकर्षण गरेता पनि सो सम्बन्धि सुनुवाई नभएकोले अविलम्ब प्राथमिकताको आधारमा कोभिड विरुद्धको खोप प्रदान गर्न अपिल गर्दछौं। कोभिड १९ को दोस्रो लहरले गत बैशाख १५ गतेबाट उद्योगधन्दा लगायत सम्पूर्ण व्यवसाय र जनजिवन ठप्प रहेको स्मरण गराउँदै विज्ञप्तिमा विभिन्न देशमा आम नागरिकलाई कोभिड १९ विरुद्धको खोप लगाइएको स्थानमा जीवन पुनः लयमा फर्कन थालेको स्मरण गराइएको छ।

यसै गरी नेपालमा पनि प्राथमिकताको आधारमा पटक पटक खोप कार्यक्रम ल्याइएको भएता पनि काठमाण्डौं केन्द्रित पर्यटन व्यवसायीलाई मात्र प्राथमिकताको आधारमा खोप कार्यक्रम सम्पन्न गरिएको भन्दै यस क्षेत्रका पर्यटन व्यवसायीलाई पनि खोपको प्राथमिकतामा समेट्न संघले आग्रह गरेको छ।

## गण्डकी प्रदेशमा थप ५४० संक्रमित, १६ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप ७४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

आइतबार कास्कीमा ४० जना पुरुष तथा ३४ जना महिला गरी ७४ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार ६६३ जनाको नमुना परीक्षण गरिएकोमा थप ५४० जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ। कास्कीका ७४ सहित म्याग्दीका १५ जना, स्याङ्जाका ७ जना, बाग्लुङका ११५ जना, पर्वतका ३४ जना, तनहुँका १७ जना, गोरखाका १०४ जना, लमजुङका ८९ जना, नवलपुरका ८५ जना गरी प्रदेशका ९ जिल्लामा ३०० पुरुष तथा २४० जना महिलामा कोरोना पुष्टि भएको हो। योसँगै गण्डकी प्रदेशमा कोरोना

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा विमानस्थललाई आउदो वर्षमा संचालन हुने गरी साँढे ८ अर्ब बजेट विनियोजन

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ जेठ**

पोखरा क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थल आउदो बर्षमा निर्माण कार्य सम्पन्न गरेसंगै संचालन गर्ने सरकारले जनाएको छ।

अर्थमन्त्री बिष्णु पौडेलले शनिबार आर्थिक बर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै पोखरामा निमार्णाधिन अबस्थामा रहेको पोखरा विमानस्थलको बाँकी काम पुरा गरेसंगै आउदो बर्ष देखि नै पोखरा विमानस्थल संचालनको लागि बजेट विनियोजन गरिएको बताए। विमानस्थलको बाँकी काम सम्पन्न सहित आगामी बर्ष देखि विमानस्थल संचालनको लागि सरकारले ८ अर्ब ५० करोड बजेट विनियोजन गरेको अर्थमन्त्री पौडेलले बजेटमा उल्लेख गरेका छन्। त्यसै गरी बजेटले पोखराको फेवाताल वरिपरि वातावरणमैत्रि साइकल सर्किट निर्माण गर्ने, पोखरा रंगशालाको निर्माण हुन बाँकी काम पूरा गर्न आवश्यक बजेट विनियोजन गरेको मन्त्री पौडेलले जनाए। यी दुई शिर्शकमा बजेट कति विनियोजन भएको भनेर रकम भने खुलाएनन्।

सिद्धार्थ राजमार्ग र कोहलपुर।–सुर्खेत राममार्गलाई डेडिकेड डबल लेनमा स्तरोन्नती गर्न ७ अर्ब विनियोजन गरिएको पौडेलले जनाए। उक्त बजेटमा पृथ्बी राजमार्गको नागढुंगा मुग्लिन खण्डको स्तरोन्नति र आवुँखैरेनी–पोखरा खण्ड चार लेनमा विस्तार गर्न ७ अर्ब २७ करोड विनियोजन भएको छ। बजेटले पृथ्बीराजमार्ग र भूमि सेरचन राजमार्गमा समेत सडक स्तरउनन्ती गर्ने भएको छ।

त्यस्तै बजेटले ज्येष्ठ नागरिकलाई मासिक एक हजार बृद्धि गरी ४ हजार पुराएको छ।

कोरोना बिरुद्धको खोप व्यबस्थापन गर्नको लागि सरकारले २६ अर्ब ७५ करोड बजेट विनियोजन गरेको मन्त्री पौडेलले जनाए। अक्सिजन प्लान्ट स्थापना गर्न निजी तथा सामुदायिक अस्पताललाई ५० प्रतिशत अनुदान, स्वथ्यकर्मीलाई ५० प्रतिशत जोखिम भत्ता दिने भएको छ।

## कोरोना संक्रमण र मृत्युदर घट्दै

**रासस**
**काठमाडौं, १६ जेठ**

पछिल्लो समय नेपालमा कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या र मृत्युदर घट्दै गएको छ। पाँच दिनअघि संक्रमितको संख्या छ हजार ७४१ रहेकामा आज सो संख्या घटेर चार हजार ३६९ रहेको छ।

यस्तै पाँच दिनअघि कोरोनाबाट ज्यान गुमाउनेको संख्या १४५ रहेकामा आइतबार सो संख्या घटेर १०९ पुगेको छ। यही जेठ १ गते कोरोना संक्रमितको संख्या आठ हजार १६७ रहेको थियो भने

बाँकी अन्तिम पृष्ठमा ▶▶



# तामाङको १३ औं पुण्यतिथीमा हङकङमा श्रद्धाञ्जली सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ जेठ**

नेपाली फुटवल टिमका पूर्व राष्ट्रिय खेलाडी एवं सहारा क्लव हङकङका बरिष्ठ उपाध्यक्ष बिल तामाङको १३ औं दिनको पुण्यतिथीमा हङकङमा आइतबार श्रद्धाञ्जली सभा कार्यक्रम सम्पन्न गरिएको छ।



सहारा क्लब हङकङ, तामाङ घेदुङ हङकङ, एल.जी.संगम परिवार हङकङ र नादा समाज हङकङको संयुक्त आयोजनामा पूर्व राष्ट्रिय खेलाडी एवं उपाध्यक्ष तामाङले खेलकुद र सामाजिक क्षेत्रमा पुराएको योगदानको प्रशंसा गर्दै आइतबार श्रद्धान्जली सभा कार्यक्रम सम्पन्न भएको छ।

सहारा क्लब हङकङका अध्यक्ष दीपक गुरुङले तामाङले आफ्नो खेलाडी जीवनमा खेलकुदमा पुराउन नसकेको बाँकी काम प्रशिक्षक बनेर देखाउने लक्ष्यका साथ एएफसी ए लेवलको प्रशिक्षण लाइसेन्स लिन नेपाल गएको समयमा निधन भएकोले आफुहरु निकै मर्माहित भएको बताए। उनले भने "हामीले भौतिक रुपमा तामाङलाई गुमाय पनि उहाँले देखाएको बाटो हामीले अनुसरण गर्दै उहाँले समाजमा पुराएको योगदानलाई हामी सधै स्मरण गर्ने छौं ।" कार्यक्रममा सहारा क्लव हङकङका पूर्व प्रमुख सल्लाहकार तुल्सी गुरुङ, महासचिव कुमार गुरुङले तामाङले खेलकुद तथा सामाजिक क्षेत्रमा पुराएको योगदानको चर्चा गरेका थिए। यसैबिच कार्यक्रममा अखिल नेपाल फुटवल संघ (एन्फा) का महासचिव इन्द्रमान तुलाधर र एन्फाका पूर्व अध्यक्ष गणेश थापाले पेश गरेको शोक सन्देस पढेर सुनाइएको थियो।

सहारा एकेडेमीका पहिलो फुटवल प्रशिक्षक तामाङले फेन्डस, आरसिटि, जनकपुरचुरोट कारखाना लगायका संस्थाबाट फुटवल खेलेका थिए।

सहारा क्लव पोखराका आजिवन सदस्य पोखरा संगम टोल निवासी ४६ बर्षीय तामाङको निधनले सहारा क्लवलाई समेत ठुलो क्षेति पुगेको क्लवले जनाएको छ।

# गण्डकी ...

संक्रमितको कुल संख्या ४१ हजार ६८२ पुगेको छ । पछिल्लो २४ घण्टामा ८५९ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ३० हजार २३२ पुगेको छ। पछिल्लो २४ घण्टामा गण्डकीमा थप १६ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ । निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ६६१ पुगेको छ। मृतकहरु कास्की जिल्लाका ८ जना, तनहुँ जिल्लाका ४ जना, मुस्ताङ जिल्लाका १ जना, बाग्लुङ जिल्लाका १ जना, पर्वत जिल्लाको १ जना र लमजुङ जिल्लाको १ जनाको रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

# बजेटले विगतकै योजनालाई निरन्तरता दिएको छ : अर्थविद्

**रासस**
**काठमाडौं, १६ जेठ**

अर्थविद्ले आगामी वर्ष २०७८/०७९ को बजेटले विगतकै योजनालाई निरन्तरता दिएको बताएका छन् । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले आज आयोजना गर्नुभएको 'बजेटले वर्तमान आर्थिक अवस्था र महामार ीसँग लड्न सक्छ ?' विषयको भर्चुअल अन्तर्क्रियामा अर्थविद्ले बजेटले खासै नयाँ योजना नल्याएको बताएका हुन् । कार्यक्रममा नेता कोइरालाले कामचलाउ सरकारले ल्याएको बजेटले काम नगर्ने बरु संसद् पुनःस्थापना भएर अर्को सरकारले पूर्ण बजेट ल्याउने विचार व्यक्त गर्नुभयो। काग्रेसका नेता तथा पूर्वस्वास्थ्य तथा जनसऱ्यामन्त्री गगनकुमार थापाले कोरोनाको उपचारका लागि अहिलेको अवस्थामा अस्पतालमा चिकित्सक थप्न सरकारलाई आग्रह गर्नुभयो।

काग्रेस केन्द्रीय सदस्य डा चन्द्र भण्डारीले कोरोनाका कारण धेरै नेपालीले रोजगारी गुमाएको तर यसलाई सम्बोधन गर्ने खालको बजेट आउन नसकेको बताउनुभयो। पूर्वअर्थराज्यमन्त्री भरतकुमार शाहले मुलुकको अर्थतन्त्र कोरोनाका कारण ध्वस्त भएको बेलामा यति ठूलो बजेट ल्याउनु गैरजिम्मेवारी काम भएको बताउनुभयो । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदीशचन्द्र पोखरेल र डा गोविन्दराज पोखरेलले बजेट राजनीतिमुखी भएको आरोप लगाउँदै पूर्वअध्ययनविना नै योजना समावेश गरिको बताउनुभयो। राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले राजनीतिक दलले भन्दा पनि व्यक्तिले लाभ लिने खालको बजेट आएको भनाइ राख्नुभयो।

# सडक अवरुद्ध हुँदा संक्रमितलाई लिन गएको टोली रोकियो

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १६ जेठ**

केही दिनदेखि लगातार परेको वर्षाका कारण वालिङ हुवास खण्डको वालिङ नगरपालिका-१४ स्थित पानी ट्याङ्कीमा सडक माथिबाट आएको पहिराले सडक अवरुद्ध भएको छ।

पहिराका कारण सडक अवरुद्ध हुँदा कोरोना सङ्क्रमित बिरामीलाई उपचारका लागि लिन गएका युवा बाटोमै रोकिएका छन्। हुलकाङस्थित फूलबारीमा कोरोना सङ्क्रमणबाट बिरामी भएका एक पुरुषलाई उपचार गर्न अस्पताल पुऱ्याउनका लागि लिन गएका वालिङ- ९ का विवेक पराजुली र १४ का याम लुईंटेल सडक अवरुद्ध हुँदा बाटोमै रोकिएका हुन्।

वालिङ- १२ का युवा समाजसेवी राजु काफ्ले (ख्याम) ले बिरामी लिन गएका युवा सडक अवरुद्ध हुँदा समयमै बिरामी भएको स्थलसम्म जान नसकिएको र बाटो खुलाउनका लागि नगरपालिकामा खबर गरिएको जानकारी दिनुभयो । लगातार परेको वर्षाका कारण जिल्लाका अधिकांश ग्रामीण सडकका साथै बस्ती जोखिममा परेका छन् भने ग्रामीण सडकमा पहिरो जाँदा सवारी साधन चल्न सकेका छैनन्।

# कोरोना ...

कोरोनाबाट ज्यान गुमाउनेको संख्या १८७ थियो । जेठ ३ गते नेपालमा हालसम्मकै बढी नौ हजार २४७ जना कोरोनाबाट संक्रमित भएका थिए । सो दिन कोरोनाबाट ज्यान गुमाउनेको संख्या भने २१४ रहेको थियो। जेठ ५ गते कोरोनाबाट नेपालमा कोरोनाबाट हालसम्मकै बढी २४६ जनाको मृत्यु भएको थियो।

त्यसयता मृत्युदर भने लगातार घट्दै गएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ।

मन्त्रालयका अनुसार पछिल्लो समय १० हजार ९८६ जनाको पिसिआर परीक्षण तथा एक हजार ७८४ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पिसिआर विधिबाट तीन हजार ७०२ तथा एन्टिजेनबाट ६६७ जनामा संक्रमण पुष्टि भएको हो । यो सँगै कोरोना संक्रमितको संख्या नेपालमा पाँच लाख ५३ हजार ४२२ पुगेको छ। हाल ७६३ संक्रमित क्वारेन्टिनमा रहेको मन्त्रालयले जनाएको छ।

हालसम्म चार लाख ४० हजार ९५५ जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर छ हजार २०५ संक्रमित निको भएर घर फर्किएका छन्। निको हुने दर ७९ दशमलव २ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल देशभर एक लाख आठ हजार ८९७ सक्रिय संक्रमित रहेका छन् । पिसिआर परीक्षण गराउनेको संख्या ३० लाख ४२ हजार ३६९ पुगेको छ।

काठमाडौँ उपत्यकामा पनि पछिल्लो समय कोरोना संक्रमितको संख्या घट्दै गएको छ। यही जेठ ९ गते उपत्यकामा कोरोना संक्रमितको संख्या दुई हजार ८२१ रहेकामा आइतबार सो संख्या घटेर एक हजार ९३ पुगेको छ। मन्त्रालयका अनुसार काठमाडौँमा ८०४, ललितपुरमा १६८ तथा भक्तपुरमा ११३ जनामा सङ्क्रमण पुष्टि भएको छ।

काठमाडौँमा हाल सक्रिय संक्रमितको संख्या १५ हजार ३७७ रहेको छ । हालसम्म कोरोनाबाट एक लाख ७० हजार ३६२ संक्रमित निको भएका छन् भने एक हजार ५९९ संक्रमितको मृत्यु भएको छ। यस्तै ललितपुरमा हाल छ हजार ५२५ सक्रिय संक्रमित रहेका छन् । हालसम्म २६ हजार १२५ संक्रमित निको भएका छन् भने कोरोनाबाट ४३० संक्रमितको मृत्यु भएको छ । यसैगरी भक्तपुरमा चार हजार ५०१ सक्रिय संक्रमित छन्। निको हुनेको संख्या १४ हजार ९६६ रहेको छ भने ३२१ संक्रमितले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

सडक अवरुद्ध हुँदा संक्रमितलाई लिन गएको टोली रोकियो

पोखरापत्र संवाददाता
स्याङ्जा, १६ जेठ

केही दिनदेखि लगातार परेको वर्षाका कारण वालिङ हुवास खण्डको वालिङ नगरपालिका-१४ स्थित पानी ट्याङ्कीमा सडक माथिबाट आएको पहिराले सडक अवरुद्ध भएको छ।

पहिराका कारण सडक अवरुद्ध हुँदा कोरोना सङ्क्रमित बिरामीलाई उपचारका लागि लिन गएका युवा बाटोमै रोकिएका छन्। हुलकाङस्थित फूलबारीमा कोरोना सङ्क्रमणबाट बिरामी भएका एक पुरुषलाई उपचार गर्न अस्पताल पुऱ्याउनका लागि लिन गएका वालिङ- ९ का विवेक पराजुली र १४ का याम लुईंटेल सडक अवरुद्ध हुँदा बाटोमै रोकिएका हुन्।

वालिङ- १२ का युवा समाजसेवी राजु काफ्ले (ख्याम) ले बिरामी लिन गएका युवा सडक अवरुद्ध हुँदा समयमै बिरामी भएको स्थलसम्म जान नसकिएको र बाटो खुलाउनका लागि नगरपालिकामा खबर गरिएको जानकारी दिनुभयो । लगातार परेको वर्षाका कारण जिल्लाका अधिकांश ग्रामीण सडकका साथै बस्ती जोखिममा परेका छन् भने ग्रामीण सडकमा पहिरो जाँदा सवारी साधन चल्न सकेका छैनन्।




# वैकल्पिक विधिबाट एसइई सञ्चालन गर्न सुझाव

**रासस**
**काठमाडौं, १६ जेठ**

गत वर्षको कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइई) लाई वैकल्पिक माध्यमबाट सञ्चालन गर्न राष्ट्रिय परीक्षा बोर्डले सरकारको अनुमति मागेको छ।

बोर्डले सोसम्बन्धी प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई बुझाएको छ। यही जेठ १३ गतेदेखि एसईई र जेठ २६ गतेदेखि कक्षा १२ को परीक्षा सञ्चालन गर्ने गरी तयारी गरेको बोर्डले कोरोना भाइरसको महामारी पुनः फैलिएसँगै अर्को सूचना जारी नभएसम्मका लागि वैशाख २७ गते सूचना जारी गरी परीक्षा स्थगन गरेको थियो। बोर्डका अध्यक्ष डा चन्द्रमणि पौडेलले अहिलेको अवस्थामा भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न नसकिने भएकाले वैकल्पिक विधिबाट सञ्चालन गर्न मन्त्रालयसँग अनुमति माग गरेको जानकारी दिए।

गतवर्ष पनि अहिलेको जस्तै अवस्था आएपछि सम्बन्धित विद्यालय आफैले आन्तरिक मूल्याङ्कन गरी पठाएको अङ्कका आधारमा बोर्डले नतिजा प्रमाणीकरण र सार्वजनिक गरेको थियो । सरोकारवालाले भने यस वर्ष पनि आन्तरिक मूल्याङ्कन गराउन सुझाव दिएका छन् । एसईई दिने परीक्षार्थी सबैको इन्टरनेट, ल्यापटप र कम्प्युटर नहुने भएको र मोबाइलबाट कक्षा लिए जस्तै परीक्षा दिन नसकिने भन्दै आन्तरिक मूल्याङ्कन विधि नै उपयुक्त भएको जोड दिइएको छ । देशभरीबाट पाँच लाख १७ हजार विद्यार्थी गत वर्षको एसईईको तयारीमा छन्।

# मर्स्याङ्दीमा ६९ मेगावाट विद्युत् उत्पादन

**रासस**
**तनहुँ, १६ जेठ**

जिल्लाको आँबुखैरेनी-४ मा रहेको मर्स्याङ्दी जलविद्युत् केन्द्रबाट ६९ मेगावाट विद्युत् उत्पादन भएको छ।

गत बिहीबार बिहानदेखि शनिबार साँझसम्म परेको अबिरल वर्षाका कारण नदीमा पानीको बहाब बढेपछि साविकको अनुपातमा विद्युत् उत्पादन भएको हो । सुख्खा याममा हिउँ कम पग्लने र नदीमा मिसिएका खोला, खोल्सी र झरनाका पानी कम हुँदा घटेर ४० मेगावाटको हाराहारीमा विद्युत् उत्पादन हुने गरेको केन्द्रका इलोट्रिकल्स सुपरभाइजर शिवराम शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार केन्द्रले तीनवटा युनिटबाट २३/२३ मेगावाटका दरले पूर्ण क्षमता अनुरुपको ६९ मेगावाट विद्युत् उत्पादन भैरहेको छ। लामो समय खडेरी हुँदा विद्युत् उत्पादन घटे पनि हालको वर्षाका कारण विद्युत् उत्पादनमा वृद्धि भएको केन्द्रले जनाएको छ।

विद्युत् उत्पादन बढेपछि नेपाल विद्युत् प्राधिकरणको मागबमोजिम आपूर्तिमा सहयोग पुगेको छ । सुख्खा मौसममा विद्युत् उत्पादन कम हुँदा प्राधिकरणले भारतबाट विद्युत् आयात गर्नु पर्ने वाध्यता रहेको छ। मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी हो । गर्मी मौसममा तापक्रम बढ्दै जाँदा हिँउ धेरै पग्लिने र वर्षा धेरै हुँदा यसका सहायक नदी, खोलामा पानीको बहाब बढेसँगै विद्युत् उत्पादन पनि बढ्ने गरेको केन्द्रले जनाएको छ। यस केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुरबाट काठमाडौँको स्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# बजेट कार्यान्वयनको अठोट

सरकारले सार्वजनिक गरेको बजेटको कार्यान्वयनलाई लिएर बहस शुरू भएको छ । नेकपा एमालेले चुनावलाई लक्षित गरेर बजेट आएको विपक्षीको आरोप छासकभर बजेट ल्याउन नदिन गरिएका सबै हरकत सफल नभएपछि कार्यान्वयनमा आउन नसक्ने प्रचार छेडिएको छ । एमालेले ल्याएको बजेट जनमुखी भएको धेरैले स्वीकारेका छन । एमालेले धेरै मेहनत गरेर बजेट ल्याएको हुँदा जनतामा अन्योल सृजना गर्न कार्यान्वयन हुन नसक्ने प्रचार अभियान थालिएको छ। पिएचडी गरेका अर्थमन्त्रीले जनतामा भिझेका अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राम्रो बजेट ल्याउन सकेको भनी प्रशंसा पाएका छन । यश अघि अर्थमन्त्री हुँदा पनि पौडेल उतिर्ण भएका थिए । अहिलेको विषम परिस्थितिमा आएको बजेटले मुल समस्या पहिचान गरेको छा'बजेटले दिशानिर्देश गरेका कोरोना महामारी न्यूनीकरणका विषयहरू कार्यान्वयनमा आउनेछन् भन्नेमा अर्थमन्त्री दृढ छन ।

यस्तै कोभिडबाट प्रभावितलाई राहत तथा आर्थिक पुनरुत्थानमा बजेट केन्द्रित भएको छ । 'बजेटको कार्यान्वयनसँगै एकातर्फ कोभिड विरुद्धको लडाईंमा सफलता र नागरिकको जीवन रक्षामा ऐतिहासिक उपलब्धि हासिल गर्नेछौं भने अर्कातर्फ आर्थिक क्षेत्रमा जेजस्तो चुनौतीको सामना गर्दै अर्थतन्त्रलाई गतिशील तुल्याउने अभियानमा सफलता प्राप्त गर्न सक्छौं भन्ने आत्मविश्वासका साथ यो बजेट आएको छ,' अर्थमन्त्री पौडेलको भनाइले कार्यान्वयन हुने संकेत गर्दछा, सरकारले यो बजेट कार्यान्वयन गर्छ, यसमा कुनै पनि प्रकारको द्विविधा राख्नुपर्ने आवश्यकता छैन ।'

भोलिदेखि नै अलगअलग मन्त्रालयहरूसँग सम्बन्धित योजनाका बारेमा छलफल गर्दै कार्यान्वयनको अभियानलाई तीव्रताका साथ अगाडि बढाउने अर्थमन्त्रालयको योजना छ । सरकारले मतदाता प्रभावित पार्नका लागि नभई आफ्नो अभिभारा पूरा गर्न बजेट ल्याएको हो । विपक्षीले लगाएको आरोप राजनीतिक हुन । 'सरकार जनताप्रति जवाफदेही हुन्छ, त्यो जिम्मेवारी पूरा गर्न बजेट ल्याएका ह । अर्थमन्त्री पौडेलले टिप्पणीहरूको खण्डन गर्दै जनता प्रभावित हुन्छन् भनेर जनताप्रतिको जिम्मेवारीबाट सरकार नपन्छिने दाबी गरे ।

'जनता प्रभावित हुन्छन् भनेर जनताप्रतिको जिम्मेवारीबाट सरकार पन्छिनुपर्छ भन्ने कोणबाट टिप्पणीहरू आएको छ, म यसलाई जवाफ दिनुपर्छ भन्ने ठान्दिनँ ।' बजेट सुनाउनका लागि नभई कार्यान्वयनका निम्ति अगाडि सारिएको अर्थमन्त्री पौडेलले बताए । उनले भने, 'यो बजेट सुनाउनका निम्ति हैन, कार्यान्वयनका निम्ति अगाडि सारिएको बजेट हो । प्रस्तुत बजेटपछि हामी जवाफदेही छौं ।' बजेट कार्यान्वयनका लागि भोलिदेखि नै मन्त्रालयहरूसँग योजनागत छलफल गर्ने तयारी भएको समेत अर्थमन्त्री पौडेलले बताए । 'व्यवस्थित कार्ययोजना बनाएर कार्यान्वयन गर्छौं । निर्धारण गरेका लक्ष्यहरू हासिल गर्ने गरी हामी मुलुकलाई अगाडि लिएर जान्छौं ।' सरकार दृढनिश्चित भएर अगाडि बढेमा जनताले कार्यान्वयनको लागि दबाब दिनेछन् । 'जहाँ निरन्तर चलिरहेको र उच्च लेभलमा काम भइरहेको छ, जुन आयोजना छन्, जसको तयारी सम्पन्न भइसकेका छन्, ती आयोजनाहरूलाई अगाडि बढाउने गरी बजेट विनियोजन गरिएको छ ।' उनले खोप आउनेबित्तिक्कै अर्थतन्त्र चलायमान हुन शुरू हुन थाल्ने र राजश्व बढ्न थाल्ने विश्वास गरिएको छ। अठोट लिएपछि पुरा हुन सक्छ भन्ने देखाउने मौका पनि हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शत्रुको भय | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : मानसिक तनाब | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# भर छैन जिन्दगीको भरे हो कि भोलि, अलविदा प्रिय अंकल सूर्यकान्त

शोभाकान्त सिग्देल

२०७८ जेठ ५ गते साँझ दिनभरीको वसाइ र थकाइ भुल्न ढलान माथि टलिदै बसेको थिएँ। हाम्रो टोलका लाउरे दाइ तथा असल छिमेकी ज्ञानेन्द्र लौडारी छोरा छोरी सँग खेल्दै, मलाइ देखेपछि हजुरको स्वास्थ्य कस्तो छ भन्दै हुनहुन्थ्यो । अर्का असल छिमेकी त्यसमा पनि सामाजिक सक्रियतामा अब्बल अर्जुन दाइ स्कुटरमा घरवाट आउँदै गर्दा मलाइ देखेपछि ५० को गतिलाइ झ्याप्प ब्रेक लगाइ ओही तँलाइ केही थाहा छैन भन्नु भयो । अहँ मलाइ केही थाह भएन के भयो दाइ भने । टोलकै गोरो अनुहार अर्जुन दाइ बादल रुपी भएछ, त्यही अनुहार देखाउँदै सूर्यकान्त दाइ वित्नु भएछ भन्दै अगाडि बढ्नु भयो । मनमा सूयकान्त सिग्देल अंकलको अनुहार झलझली आउन थाल्यो । कुरो साँचो हो की झुटो ए भगवान हजुरले किन राम्रा मान्छेलाइ आँखा लागाउनु हुन्छ । भगवान हाम्रो हजुर प्रति सदैव फूलपाती र ध्यान हामीलाइ वारम्बार बज्रपाथ । किन भगवान ? मनमा विभिन्न प्रश्न उब्जिन थाल्यो । छटपटी सुरु भयो । ओहो सालिन र भद्र अंकलाइ के भयो भन्दै थिएँ श्रीमती संझना अगाडि आउँदै हजुरुलाइ कस्ले भन्यो ? अर्जुन दाइले भन्नु भयो । हामीलाइ पनि पाँच मिनेट अगाडि प्यारी गायत्री अण्टीले सो कुरा भन्नु भएको थियो । हजुरलाइ त्यो घरमा सवैले हृदयदेखी माया गर्ने हुनाले हजुर आतिनु हुन्छ कि भनेर भन्न सकेका थिएनौ हामीले । मलाइ फेरी सूर्य अंकल मणिपाल अस्पताल जानु अघि मोवाइलमा १२ मिनेट जति बोलेका शब्दहरु गुन्जीन थाल्यो । बाबु सवै ठिकै छ अण्टी बाबु र नानीलाइ पनि राम्रो छ भन्नु भएको अन्तिम बाक्यले जीवनमा मुटुसरी बन्यो । मनमा अन्तरंग खेल्दा खेल्दै उमेरले १५ वर्ष जेठो हुनुहुन्छ होला तर अंकल र मेरो भावनात्मक सम्बन्ध गाँसीएको थियो । आज म यहाँ सम्म आइपुग्नुमा पनि अंकलको ठूलो हात छ । मलाइ पिडा माथि पिडा घुम्न थाल्यो । ज्ञानले भकारी सरी भरिनु भएकोले जहिले पनि बाबु तैले धेरै पढ्नु पर्छ, अरु विषय राम्रै छ खाली तैंले पढ्नु पर्छ बाक्य काठमाण्डौ बसाइमा हरेक भेटमा भन्ने मेरो एउटा पात्र गुमाउनुको पिडा मलाइ मात्र थाह छ । एक पटक अनुहार हेर्ने मणिपाल जान मन उचालिए पनि आफ्नै स्वास्थ्यको कारण जान सकिन माफ गर्नुहोस सुर्यकान्त अंकल । म हजुरसँग जीवन भरी नै माफीको ऋणी बनेको छु । हजुरकै वचनलाइ शिर उपरगरी परिवारको एक सदस्यलाइ १३ वर्ष पहिला आफ्नै काखमा राखी उपचारमा हिँडे । तर उपचार सफल हुन सकेन फेरी पनि दश औंला जोडी माफी माग्दछु अंकल । शोभाकान्त तँलाइ बाबुले सवैभन्दा धेरै माया गर्दथ्यो सँगै घर बनाएर बस्ने इच्छा थियो । तँलाइ पनि जीवनमा ठूलो अभाव खट्कीरहने छ भन्ने बाक्यले आज मलाइ फेरी पिडा माथि पिडा थप्यो ।

४४ वर्षको उमेरमा आउँदा सम्म बाबुको त्यो घटना जीवनमा कहिले विर्सन सक्दिन । त्यसैगरी सूर्य अंकल विरामी परेदेखि अन्तिम समय सम्म रात दिन आफ्नो शरीरको प्रभाव नगरी सेवामा खटिरहने काका संजय र काकी संगितालाइ पनि मलाइ जस्तै सम्झना रहिरहने भायो । अझ हरेक रात काहली लाग्दा जुन रातमा कहिले त मास्क पनि नलगाइकन खटिएर आँफु जोगिनु भएको प्यारी कान्छी काकी संगितको अभिभावकत्व सिग्देल परिवारमै अब्बल छ । घरबाट निस्कन गाह्रो हुने समयमा सँगै अस्पतालमा हरेक रात नर्स रुपी सेवा गर्नु कति कठिन भयो होला ।

त्यसैगरी अंकलको सेवामा खटिने प्यारी वहिनी श्रीयालाइ पनि जीवनमा सदैव सम्झना घुमीरहने भयो । अंकलको उपचारको अवस्था वारे मलाइ जानकारी दिने शरदकान्त सिग्देल अंकललाइ पनि जीवनमा क्षतविक्षत वनाएको छ । जति क्षेतविक्षेत भएपनि न्यायको मुर्ति भनेर चिनिने रमेशकान्त सिग्देल हजुरबाको दश सन्तानको अभिभाकत्व अव शरद अंकलको काँधमा आएको छ । मणिपालमा सूर्य अंकलको स्वस्थ्य क्रमिक सुधार हुँदै जाँदा शरद अंकलले भन्नु भयो हेर बाबु घर गएपछि संजय र संगीतालाइ यस्तो धुमधाम सम्मान गर्नु पर्छ भने सूर्य दाइले कान्छा संजय भाइको घर बनाउने जिम्मा दिनु पर्छ । दाइलाइ समय पास गर्न पनि सजिलो हुन्छ । किनभने दुवै भाइ वुहारी व्यस्त छन् । जस्तो सुकै अवस्थामा पनि भन बाबु



आज १३ औं दिनको सन्दर्भमा

भन्दै जानकारी दिने शरद अंकल र काका संजयले फोन उठाउन नभ्याय पनि म्यासेजवाट भए पनि राम्रो हुदै गएको सूचना दिनु हुन्थ्यो । संजय काका मेरो मात्र काका नभै मेरा साथीहरुले समेत काका भन्न थालेका छन् । गम्मा गम्मी भएको परिवारको कान्छा छोरा तर घरमा शुभकार्य देखी विरामी हुदै मृत्यु सम्मको हरेक कार्यक्रममा शालको खम्बा भएर भुमिका निर्भाह गर्ने शक्ति संजय काका सँग देख्छु । मेरो नाताले काका भएपनि हामी वालशखा हुँ त्यसैले मेरो भोगाइमा परिवारले मात्र होइन उहाँको जन्मगाउँदेखि राष्ट्रसम्मको योगदानलाइ सिग्देल परिवारले समेत कहिलै विर्सन मिल्दैन । उनै काकाका दाजु सूर्य अंकलको समाजदेखी २९ वर्ष सम्म राष्ट्र सेवा गरेको गुणकारीको मृत्युको खवरले एक्कासी कुँडहर वासीलाइ नै बज्रपाथ बनायो । टलक्क टल्कदैमा सवै राम्रा देखिदैनन् । पहेलो हुदैमा पाकेको फलफूल र सुन बन्न पनि सक्दैनन् तर अंकल सूर्यकान्त भने आफ्नो क्षेत्र र अफ्नो कर्ममा इमान्दार उन्नयनको कर्ममा रमाउने असली हिरा नै हुन भनेर म सँग हालै सम्पर्क हुनु भएका वन क्षेत्रका विज्ञ तथा कर्मचारीले बताउनु भयो । यसरी आफ्नो जन्मथलो र कर्मथलोलाइ असल विचार, निस्वार्थ भावना र दूरदर्शिताबाट हेर्नु उहाँको गुणले नै आज कुँडहरवासी देखी राष्ट्र सम्म रुवाएको छ । करिव तीन दशक सम्म नेपाल सरकारको विभिन्न ओहोदामा रहि लुम्बिनी प्रदेश-५, उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालयको सचिव पदवाट हालै निवृत हुनु भएको अंकलको मृत्युले सोही दिनदेखी कहिले वर्षा कहिले कडा घाम प्रकृति समेत उत्तार चडाव भएको छ । यस क्षेत्रकै गहना गुमाउँदाको पिडाले आफन्तहरुको हरेकका आँखावाट बर्षा सरी आँसु झरेका छन् । जिन्दगीको अन्तिम सत्य भनेको नै मृत्यु हो । मान्छे र जिन्दगी बीच रस्साकस्सीको अन्तिम अवस्था भनेकै मृत्यु । सवैलाइ थाह भएको कुरा के भने मृत्यु मान्छे जन्मिँदै जोडिएको एउटा सत्य हो । जिन्दगी जिउने हर मानिसलाई थाहा छ तर पनि मान्छे जसरी, जहाँ, जहिले मरे पनि मृत्यु भने असामयिक नै ठहरिन्छ । सय वर्ष कटेका वृद्ध होस् वा सय दिन पनि नकटेका नाबालक, मृत्यु सबैको असामयिक नै लाग्छ । मृत्यु आउँछ भन्ने थाहा हुँदाहुँदै पनि मान्छे कहिल्यै मृत्युको प्रतिक्षा गर्दैन ।

त्यसैले मृत्युको आगमन कसैले पछाडिबाट आएर आँखा छोपेजस्तै हुन्छ । अंकललाइ पनि जतावाट आएपनि टपक्क टिपी कुँडहरवासीलाइ बज्रपाथ बनायो । जेठ ५ गते साँझको समय हाम्रो लागि कालो दिन बन्यो । सबैको प्रिय अंकल कुनै पनि स्थानमा भेट भयो कि हँसीलो अनुहार फूर्तिलो स्वरले बाबु के छ भन्ने ती शव्द लगायत हरेक भेटमा आत्मैदेखि माया गर्ने सूर्य अंकलले मलाई मात्रा होइन सयौं व्यक्तिलाई उच्चकोटीको माया र सद्भाव दिनुहुन्थ्यो । मानिसको मृत्यु पश्चात हरेक व्यक्तिले केही न केही उल्लेखनीय छाप छोडेर गएको पाइन्छ । मेरो जीवनमा पनि अंकलले देखाएको व्यवहार र वोली दिमाग वरिपरि सदा घुमिरहने र नविर्सने छाप टाँसीएको छ । हरेक भेटाइमा अंकलको मिठो वचन र सहज व्यवहारले आज पनि अंकलको शरीर हामी विच नभए पनि उहाँको व्यवहार मलाई मात्र होइन समग्र पोखरेली देखी विभिन्न जिल्लाले विर्सन सक्दैन् । विस २०१९ भदौ २८ गते जन्मनु भएका अंकल सिग्देल परिवारमा आँखाको नानीको रुपमा स्थापीत भइसक्नु भएको थियो । सूर्य अंकलको जस्तो सकारात्मक विचार र भावना दैवलाई पनि लोभ लागेर होला धर्तीवाट विस. २०७८ साल जेठ ५ गते साँझ आइ टपक्क टिपरे लग्यो । जहाँ कसैको मृत्युले संसार रुवाउँछ, कसैको मृत्युले छिमेकी देखि जिल्ला हुदै राष्ट्रलाई समेत रुवाउँछ । रुवाउनुको पछाडि मृत्यु भएका व्यक्तिले गरेको व्यवहार र समाजप्रतिको माया ममताले उसलाई हरेकको आत्मभित्र प्रवेश गरी जीवनभरी संझाई राख्ने छ । उहाँ मात्र नभै उहाँको बाबादेखीको सम्पूर्ण परिवार सदस्य सकारात्मकसोचलेभरीपूर्णहुनुहुन्छ।

अझ अंकल संगको लामो चिनाइले पनि मलाइ जीवनमा धेरै पाठ सिक्ने अवसर मिल्यो । उहाँको प्रत्येक बोलीमा सकारात्मक शव्द र भावना मात्र गाँसिएको थियो । जुन भावना अंकलसंग गाँसिएको थियो सोही सकारात्मक भावना अंकलको घरमा जाँदा अण्टी निर्मला छोरीहरु श्रद्धा, श्रीया, दुई ज्वाईं, सम्पदा र बाबु सम्पन्न लगायत हरेक इष्टमित्रको बोलीमा पनि त्यही भाव पाँए । अन्तमा स्व. अंकलको असामयिक निधन भएको पीडादायी क्षणमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै दुःखको यस घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछु ।

# भारतमा २४ घण्टामा ३४ सयको मृत्यु

रासस
काठमाडौं, १६ जेठ

कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट प्रभावित भारतमा विगत २४ घण्टाको अवधिमा संक्रमितको संख्यामा व्यापक गिरावट आएको छ।

गत मे ९ तारिखमा एकै दिन चारलाख भन्दा बढी संक्रमित फेला पारिएकामा विगत २४ घण्टामा त्यो संख्या घटेर एक लाख ६५ हजार मात्र देखिएको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । यो सहित भारतमा आइतबारसम्म कूल संक्रमितको संख्या दुई करोड ७९ लाख पुगेको छ। सक्रिय संक्रमितको संख्या भारतमा अझै २१ लाख १४ हजार रहेको छ । भारतमा हालसम्म दुई करोड ५५ लाख व्यक्ति कोभिड-१९ बाट संक्रमणमुक्त भएका छन् । पछिल्लो २४ घण्टामा तीन हजार ४६० जनाको ज्यान गएको छ। यो सहित भारतमा कूल मृतकको संख्या तीन लाख २५ हजार ९७२ पुगिसकेको छ।


**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश संग्रहालय पोखरा**
**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०२/१७**

**उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०७८/०२/०३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी प्रकाशित सूचना अनुसारको तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही** (Lowest Evaluated Substantially Responsive Bidder) **भएकोले स्वीकृतिको लागि छनौट गरिएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ कोदफा २७(२) र ४७ तथा नियमावली १०० को प्रयोजनार्थ सम्बन्धित सबै वोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**तपशिल**

| ठेक्का नं. | बोलपत्र दाताको नाम | योजनाको नाम | कवोल अंक रु. (मु.अ.कर र PS सहित) |
|---|---|---|---|
| PM/Kaski/ W/R/2/077–078 | Slate/Chandra Jyoti J/V Mahadevsthan Marga-35, Koteshwor, Kathmandu. | Construction of office Building (RCC frame) Province Museum, Nayabazar, Pokhara. | 1,89,86,622.01 |

**कार्यालय प्रमुख**

# स्थानीय तहमा अक्सिजनसहितको आइसोलेशन स्थापना

-कृष्ण दवाडी

**कास्की, १५ जेठ (रासस)**

कास्कीका स्थानीय तहले कोरोना सङ्क्रमण बढ्दै गएपछि सङ्क्रमितको आधारभूत उपचार गाउँमै गर्ने गरी कोभिड आइसोलेशनकक्ष र अस्पताल निर्माण गरेका छन् ।पोखरा महानगरपालिका र चार गाउँपालिका रहेको जिल्लामा सबै स्थानीय तहले आइसोलेशन सञ्चालनमा ल्याएका छन् । जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा हाल कोरोनाका सक्रिय सङ्क्रमित ११५ छन् । नौ वडा रहेको गाउँपालिकामा पछिल्लो एक साताको अवधिमा मात्र ६० जनामा सङ्क्रमण पुष्टि भएको हो ।

गत वर्ष कोरोनाको पहिलो चरणमा यस गाउँपालिकामा एक/दुई जनामा मात्र सङ्क्रमण पुष्टि भएको थियो । शहर कोरोनाको 'हटस्पट' हुँदासमेत गाउँमा खासै सङ्क्रमण बढेको थिएन तर यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना भाइरसको दोस्रो लहरले गाउँगाउँमा सङ्क्रमण बढेको छ । गत वैशाख १५ गतेदेखि जिल्लामा निषेधाज्ञा लागू भएकामा निषेधाज्ञाको अवधिमा गाउँमा सङ्क्रमण ह्वात्तै बढेको स्वास्थ्यकर्मी बताउँछन् । गाउँपालिकामा लक्षणसहितका सङ्क्रमित बढेसँगै अस्पतालमा उपचारको पहुँच अभिवृद्धि गर्नु र परीक्षणको दायरा बढाउनु चुनौती रहेको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख गोविन्द आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "गत वर्ष कोरोनाको सङ्क्रमण शहरमा बढी थियो, गाउँमा खासै प्रभाव परेको थिएन तर अहिले भने हामीलाई सङ्क्रमण फैलावट रोक्न ठूलो चुनौती थपिएको छ ।" लक्षण देखिएका बिरामीसमेत परीक्षणका लागि नआउने र स्वास्थ्य मापदण्डको पालना नगर्दा गाउँमा सङ्क्रमण बढेको आचार्य बताउनुहुन्छ । माछापुच्छ्रेको सार्दिखोला स्वास्थ्यचौकीमा पनि १० शय्याको आइसोलेशन सञ्चालनमा आएको छ । पोखरा महानगरपालिका र जिल्लाका अन्य चारवटा गाउँपालिकामा पनि सङ्क्रमण फैलिएपछि स्थानीय तहले आइसोलेशन सेन्टर निर्माण शुरु गरेका छन् । कोरोनाका बिरामीको आधारभूत उपचार गर्न अक्सिजनसहितको आइसोलेशन अस्पताल व्यवस्थापनमा स्थानीय सरकार जुटेका हुन् । कतिपय स्थानीय तहले नयाँ आइसोलेशन थप गर्दै गएका छन् भने विगतका आइसोलेशनकक्षहरूको क्षमता वृद्धि गर्न लागेका हुन् । माछापुच्छ्रेले वडा नं ८ स्थित भैँडाबारीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा १३ शय्याको अक्सिजनसहितको आइसोलेशन निर्माणशुरुगरेकोगाउँपालिकाउपाध्यक्ष कृष्णकुमारी दबाडीले बताउनुभयो । प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका तीन चिकित्सकको प्रत्यक्ष निगरानीमा आइसोलेशनमा बिरामीको उपचार गर्ने योजना गाउँपालिकाको छ । गाउँपालिकाका अधिकांश सङ्क्रमित होमआइसोलेशनमा रहे पनि जटिल स्वास्थ्य अवस्थाका बिरामी पोखरामा उपचार गराइरहेका छन् ।

"सङ्क्रमितको प्राथमिक उपचार पालिकामै गर्ने र घरमा एकान्तबास भएर बस्न नसक्ने र स्वास्थ्यकर्मीको निगरानीमा बस्छु भन्नेहरूलाई लक्ष्य गरेर आइसोलेशन निर्माणको अन्तिम चरणमा छौँ", उपाध्यक्ष दबाडीले भन्नुभयो, "गम्भीर अवस्थाका सङ्क्रमितलाई भने पोखरा सिफारिस गर्नुको विकल्प छैन ।" मादी गाउँपालिको गत वर्ष नै थुम्सीकोटमा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा १५ शय्याको आइसोलेशन तयार गरेको थियो । गत वर्ष सोको त्यति उपयोग नभए पनि यसपटक भने सङ्क्रमित बढेपछि शय्या अभाव भयो ।

गाउँपालिकामा पछिल्लोपटक ११६ कोरोनाका सक्रिय सङ्क्रमित छन् । सङ्क्रमण फैलावट बढ्दै जाँदा थप १५ शय्या विस्तार गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटाले बताउनुभयो । उहाँका अनुसार केही दिनअघिको गाउँकार्यपालिका बैठक र स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार शय्या विस्तारका लागि आवश्यक सामग्री व्यवस्थापन भइरहेको छ । उहाँले भन्नुभयो, "लक्षण नभएका र स्वास्थ्य अवस्था सामान्य भएका बिरामी होमआइसोलेशनमा हुनुहुन्छ।चिकित्सकोनिगरानीआवश्यक पर्ने र केही असहज भएकाहरूलाई आइसोलेशनमा राखिएको छ भने गम्भीर खालका बिरामीलाई पोखरा पठाउने गरेका छौँ ।" स्वास्थ्य उपकरण, जनशक्ति व्यवस्थापनलगायतका समस्याका कारणले पनि जटिल अवस्थाका सङ्क्रमितलाई पोखरा पठाउने गरिएको बताइन्छ । गाउँपालिकाले कोभिडका बिरामीको उपचारका लागि छुट्टै चिकित्सक व्यवस्था गरेको छ । मादीमा १२ वडा रहेकामा कोरोनाका बिरामीलाई स्वास्थ्य संस्थासम्म लैजानका लागि दुईवटा एम्बुलेन्स निःशुल्क परिचालन गरेको छ । भौगोलिकरूपमा देशकै ठूलो पोखरा महानगरपालिकाले साविकको लेखनाथ नगरपालिकाकाले भवनमा १०० शय्याको कोभिड अस्पताल निर्माण गरेको छ । महागनरमा कोरोनाका बिरामी बढ्दै गएको र अस्पतालमा शय्या अभाव हुन थालेपछि महानगरले लान्यस क्लबहरूसँगको सहकार्यमा अक्सिजनसहितको अस्पताल निर्माण गरेको हो ।

महानगर प्रमुख मानबहादुर जिसीले शय्याहरूमा अक्सिजन जडानलगायतका काम सम्पन्न गरेर आगामी बुधबारदेखि बिरामी भर्ना गर्न शुरु गरिने जानकारी दिनुभयो । महानगरले १० दिनको अवधिमा सो अस्पताल निर्माण र स्वास्थ्य सामग्री र उपकरण व्यवस्थापन गरिएको जनाएको छ । अन्नपूर्ण गाउँपालिकाले पनि पाँच शय्याको कोभिड अस्पताल स्थापना गरेर सङ्क्रमितको उपचार शुरु गरेको छ । सो आइसोलेशनमा अक्सिजनलगायतको सुविधा रहेको र २४सै घण्टा चिकित्सको निगरानीमा स्वास्थ्य उपचारको प्रबन्ध गरिएको बताइन्छ । रुपा गाउँपालिकाले पनि रुपाकोट अस्पताललाई कोभिड अस्पतालका रूपमा सञ्चालनमा ल्याएको छ ।

गाउँपालिकाले बिरामीको उपचार र घरघरमै गएर परीक्षणको दायरालाई फराकिलो बनाएको अध्यक्ष नवराज ओझाले बताउनुभयो । गाउँपालिकाका सम्पूर्ण स्वास्थ्यचौकीमा कोभिडको नियमित स्वास्थ्य सेवा प्रदान गर्ने र स्वास्थ्यचौकीमा उपचार हुन नसकेमा गाउँपालिकाको अस्पतालमा सिफारिसका लागि एम्बुलेन्स सुविधा उपलब्ध गराइएको गाउँपालिकाले जनाएको छ । जिल्लाका स्थानीय तहले स्थापना गरेको आइसोलेशन अस्पतालमा स्वास्थ्य सामग्री व्यवस्थापनका लागि यसअघि प्रदेश सरकारले रु पाँच लाख तथा जिल्ला समन्वय समितिले रु १० लाखका दरले सहयोग रकम विनियोजन गरेका थिए । जिल्लाका स्थानीय तहले आफ्नै बजेट र साधन स्रोतबाट कोभिड-१९ का विरुद्ध उपचार, एम्बुलेन्स व्यवस्थापन र स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्दै आएका छन् ।

# हेलिकप्टरमा जानेभन्दा आत्मविश्वासले निको हुने धेरै

-तारानाथ आचार्य

**बलेवा, १६ जेठ (रासस)**

एक सातादेखि बागलुङमा हेलिकप्टर आएको छैन । वैशाख अन्तिम साता र जेठ पहिलो साता भने दैनिकजसो हेलिकप्टर आएर कोरोना र अन्य शङ्कास्पद बिरामी पोखरा तथा काठमाडौँ लैजाने गरेको थियो ।

हेलिकप्टरका लागि स्थानीयवासीले रु चार लाखसम्म खर्च पनि गरे । बागलुङ अस्पतालमा उपचारपछि निको हुन्छ भन्ने विश्वास नभएपछि उनीहरुले शहरी क्षेत्रमा लगेका हुन् । हेलिकप्टरमा पठाइएका बिरामी अधिकांश फर्कन सकेका छैनन् । कतिपयको उतै निधन भयो । कतिपय अझै निको भएका छैनन् ।

कोरोना सङ्क्रमणले देश आक्रान्त पारेका बेला राम्रो उपचार खोज्दै हिँड्दा कतिपयले बाटैमा ज्यान गुमाएका छन् । बरु नजिकका अस्पतालमा बसेर उपचार गरेका फर्कन सफल छन् । "हाइफ्लो अक्सिजन र भेन्टिलेटरका सेवा खोज्दै सहर पसे पनि राम्रो उपचार अहिले देशैभरि छैन", धौलागिरि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र पोखरेलले भन्नुभयो, "दक्ष चिकित्सक आफैँ खटिएर सेवा दिएमा अन्यत्र गइरहनु पर्दैन ।"

अस्पतालमा अहिले पनि कन्सल्ट्यान्ट डाक्टर नै कोरोना उपचारमा नियमित खटिएका छन् । आइसोलेशनमा दक्ष नर्स र स्वास्थ्यकर्मी पनि निरन्तर लागेकाले निको हुनेक्रम पनि यहाँ बढी छ । जिल्ला स्वास्थ्य कार्यालयका कोभिड स्थानीय स्रोत व्यक्ति देवप्रकाश घिमिरेका अनुसार सङ्क्रमितले आत्मबल बलियो बनाउने, नियमित खाना खाने हो भने धेरै निको हुन्छन् । परिवार र स्वास्थ्यकर्मीको साथ भएका छिट्टै निको भएर फर्केको उहाँले बताउनुभयो । "काठमाडौँमा भर्ना नपाएका बागलुङ आएर निको भएका छन्, शहरी क्षेत्र मात्र भनेर हुँदैन", घिमिरेले भन्नुभयो, "सामान्य अवस्थामा शहरी क्षेत्रका अस्पताल राम्रो होलान, महामारीमा शहरी क्षेत्रमा चासो कम हुन्छ ।" ठूला अस्पतालमा एक दुई जनाको मृत्यु हुनुलाई सामान्य मानिने तर जिल्ला तहमा मृत्यु नहोस् भनेर काम भएको उहाँले बताउनुभयो । बडीगाड गाउँपालिका र बागलुङ बजार नजिकका बिरामी धेरै हेलिकप्टरबाट पोखरा र काठमाडौँ गएका छन् । तीमध्ये धेरैले ज्यान गुमाइ सकेका छन् । पोखरा काठमाडौँ पुऱ्याइएपछि मृत्यु भएकाको परिवारले शव व्यवस्थापनसमेत गर्न पाएका छैनन् । सदरमुकामकै बागलुङ नगरपालिका- ४ का दुई जनाले पनि हेलिकप्टरमा गएर फर्कन सकेनन् । जिल्लामा कति जनाले हेलिकप्टरमा उपचार खोज्दै शहर पसे भन्ने तथ्याङ्क भने कसैले राखेका छैनन् ।

अहिले कोरोना सङ्क्रमितलाई होम आइसोलेशनमा बस्न पाउने मापदण्ड बनाइएको छ । घरमा बसेकै कारण धेरैलाई छिट्टै निकोसमेत भएको छ । घरमा बस्नेले जटिल समस्या आउञ्जेल अस्पताल नजाने प्रवृत्तिले मृत्युका घटना बढेको स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौँले बताउनुभयो । "घरमा बस्न भनिएको हो, तर समस्या आएकाले छिट्टै अस्पताल वा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ", उहाँले भन्नुभयो, "समयमा उपचारमा नआएका कारण कतिपयको ज्यान गएको छ ।" आर्थिकरुपमा सम्पन्न भएकाले पनि ढिला उपचारमा निस्केर ज्यान गुमाएका छन् । हेलिकप्टरमा लाखौँ खर्चन सक्नेले समयमा अस्पताल पुग्ने चाहना नराख्दा मृत्युवरण गर्नुपरेको मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र पोखरेलको भनाइ छ । "अस्पताल आइसकेपछि उपचार नभएको हैन, भुइँमै राखेर भए पनि अक्सिजनको व्यवस्थापन गरेका छौँ", उहाँले भन्नुभयो, "समस्या आउन लाग्दा वास्ता नगरेर अन्तिम परेपछि सोझै पोखरा हानिन खोज्दा धेरैको मृत्यु भएको छ ।" काठमाडौँमा अक्सिजनसहितको शय्या नपाएर रातारात बागलुङ आइपुगेकी एक महिला भने निको भएर घर फर्किनुभएको छ । ढोरपाटन नगरपालिका- ३ की ३५ वर्षकी महिला धौलागिरि अस्पताल आइपुगेको साताभित्रै निको भएर घर फर्किनुभएको हो ।

उहाँको काखमा ११ महीनाका बालक छन् । बालक भएकाले कुरुवा बस्ने शय्या पाउन नसकेपछि काठमाडौँबाट रु ५० हजार खर्चेर ती महिला बागलुङ आउनुभएको थियो । यहाँ आएपछि उहाँको परिवारका सदस्यले स्याहार गरे । उहाँको आत्मबल पनि बलियो भएपछि छिट्टै कोरोना जित्नुभयो ।

# भारी वर्षा हट्दै, हल्कादेखि मध्यम कायमै

**रासस**

**काठमाडौँ, १६ जेठ**

नेपालका विभिन्न क्षेत्रमा पश्चिमी वायु, स्थानीय वायु र भारतको उत्तर प्रदेश तथा यसको आसपासमा रहेको न्यून चापीय क्षेत्रको प्रभावले नेपालमा मौसम वदली भइरहेको हो । यसअघि बङ्गालको खाडीमा विकसित भएको चक्रवात 'यास'को प्रभाव कमजोर भएको छ । तर सामान्य असर बाँकी नै छ । आगामी तीन दिन मौसममा बदली भने कायम रहेको अर्यालले जानकारी दिनुभयो । पहाडी भू-भागका अधिकांश स्थानमा आंशिकदेखि सामान्य बदली रहेको छ । प्रदेश १, गण्डकी र सुदुर पश्चिम प्रदेशका एक दुई स्थानमा हल्का वर्षा भएको छ । आजराति देशभर आंशिकदेखि सामान्य बदली रही प्रदेश १, २, वाग्मतीका थोरै स्थानमा तथा बाँकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन, चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

सोमबार भने देशभर आंशिकदेखि सामान्य बदली रही प्रदेश १, २, वाग्मती र गण्डकीका थोरै स्थानमा र बाँकी प्रदेशका एक/दुई स्थानमा मध्यमसम्म पानी पर्ने जनाइएको छ । राति देशभर आंशिकदेखि सामान्य बदली रही प्रदेश १, २, वाग्मतीका थोरै स्थानमा र बाँकी प्रदेशको एक दुई स्थानमा मेघगर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ । मङ्गलबार भने देशका अधिकांश भू-भागमा सामान्य बदली रही केही स्थानमा मेघगर्जन, चट्याङ्ग र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ ।

# भत्ता वृद्धि भएसँगै लमजुङका वृद्धवृद्धामा छायो खुशी

**पोखरापत्र संवाददाता**

**लमजुङ, १६ जेठ**

सरकारले शनिबार सार्वजनिक गर्दै गरेको बजेट भाषण सुन्दै हुनुहुन्थ्यो दोर्दी गाउँपालिका-३ का ८५ वर्षीया मनमाया गुरुङ ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी २०७८/७९ को बजेट भाषण गर्दै जाने क्रममा जब सामाजिक वृद्धभत्ता ३३ प्रतिशत वृद्धि भन्नुभयो, उहाँको चाउरी परेको अनुहारमा खुशीको भाव पोखियो ।

वृद्धभत्ताबाटै जीवनयापनमा केही सहज बनाउँदै आउनुभएकी उहाँ अब वृद्धभत्ता रु चार हजार हुने सुनेपछि एकाएक फुरुङ्ग हुनुभयो । मनमायाले बढेको वृद्धाभत्ताले परिवारको जीवन र आफूलाई सहज हुने भन्दै सरकार सधैँ यसरी ज्येष्ठ नागरिकको सहारा बन्नुपर्ने बताउनुभयो ।

त्यस्तै मध्यनेपाल नगरपालिका-३ सूर्यपालका ७४ वर्षीय मनबहादुर गोतामे र ६४ वर्षीया चिजामाया गोतामे पनि रेडियोबाट बजेट भाषण सुनिरहनुभएको थियो । उहाँहरूसमेत सरकारले बढाएको वृद्धाभत्ताबाट खुशी हुनुभयो । मनबहादुरले भन्नुभयो, "पहिला-पहिला धेरै कम वृद्धाभत्ता हुने गरेको थियो, अहिले त वृद्धि हुँदै रु चार हजार पुगिसक्यो, सबै ज्येष्ठ नागरिक खुशी हुनुपर्छ ।"उहाँहरू मात्र होइन, जिल्लामा रहेका अधिकांश ज्येष्ठ नागरिक वृद्धभत्तामा भएको वृद्धिले खुशी भएका छन् । जीवनमा कोही नभए पनि सरकार रहेको भन्दै उनीहरू हर्षित भएका छन् ।

विसं २०५१ मा तत्कालीन नेकपा एमालेको सरकार हुँदा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको पालामा रु १०० बाट शुरु भएको वृद्धभत्ता हाल नेकपा एमालेकै सरकार केपी ओली शर्माको पालामा आगामी आर्थिक वर्षबाट रु चार हजार पुगेको छ ।

बैँसीशहर-११ चितीका ज्येष्ठ नागरिक सङ्घका अध्यक्ष रुद्रनिधि तिवारीले वृद्धभत्ताले नुन, तेल, चामल खान पुग्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हुन त सरकारले जति बढाए पनि पुग्दैन तर सन्तुष्ट मान्ने हो भने यतिका रकम राम्रै हो ।" त्यस्तै ज्येष्ठ नागरिक सङ्घ लमजुङका कोषाध्याक्ष हरिप्रसाद अधिकारीले भन्नुभयो, "सरकारले वृद्धाभत्ता बढाएको छ, यो राम्रै हो । दुःख पाएका र कम आयस्तरका ज्येष्ठ नागरिकलाई त धेरै सहयोग पुग्छ ।"

# 'प्रेम छोटाका बहुआयम' सार्वजनिक

**पोखरापत्र संवाददाता**

**बागलुङ, १६ जेठ**

साहित्यकार एवम् संस्कृतिकर्मी प्रेम छोटाको व्यक्तित्व र कृतित्व समेटिएको ग्रन्थ 'प्रेम छोटाका बहुआयम' सार्वजनिक भएको छ । 'दीअ' प्रकाशन-रत्न श्रेष्ठ पुरस्कार गुठी, बागलुङ र शमी साहित्य प्रतिष्ठान, काठमाडौँद्वारा उक्त ग्रन्थ प्रकाशनमा ल्याइएको हो ।

अघिल्यै वर्ष ग्रन्थ ल्याउने तयारी गरिएपनि कोरोनाका कारण ढिलाइ भएको गुठीले जनाएको छ । निषेधाज्ञाका कारण ग्रन्थको औपचारिक विमोचन भने हुन सकेन । 'भर्चुअल' माध्यमबाट ग्रन्थ सार्वजनिक गरिएको गुठीका सदस्य सचिव महेशचन्द्र प्रधानले जानकारी दिनुभयो । पुस्तकमा छोटा र उहाँका सिर्जनाबारे ११९ जना लेखकका लेख/समालोचना सङ्ग्रहित छन् । छैहत्तर वर्षीय छोटा संस्कृतिको खोज र अनुसन्धानमा ४८ वर्षदेखि सक्रिय हुनुहुन्छ । उहाँका लोक संस्कृतिमा मात्रै आधारित १२ वटा कृति प्रकाशित छन् । कविता, कथा, सम्पादन हुँदै संस्कृति खोजलाई छोटाले आफ्नो मूल सिर्जनाकर्म बनाउनुभएको छ । अझै २५ कृति प्रकाशोन्मुख अवस्थामा रहेको छोटा बताउनुहुन्छ । उहाँले आफ्नो जीवनलाई सम्पूर्ण रूपमा वाङ्मय सेवामा लगाउनुभएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वप्राज्ञसभा सदस्यसमेत रहनुभएका छोटाले राष्ट्रिय प्रतिभा पुरस्कार, राष्ट्रिय नागरिक स्वर्ण सम्मानलगायत कैँयन पुरस्कार तथा सम्मान प्राप्त गर्नुभएको छ ।


**प्रदेश सरकार**
**पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**गण्डकी प्रदेश, पोखरा, नेपाल**

**वन पैदावारमा आधारित घरेलु तथा साना उद्योग स्थापना र सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०२/१७**

प्रस्तुत विषयमा यस निर्देशनालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार **वन पैदावारमा आधारित खेर गइरहेका काठहरु प्रशोधन गरि झ्याल, ढोका, खापा, फर्निचर, चौकोस निर्माण गर्ने घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन**का लागि स्वीकृत कार्यक्षेत्रगत शर्त TOR बमोजिमको कार्य गर्न इच्छुक गण्डकी प्रदेश क्षेत्र भित्रका उद्योग, उद्योगी, व्यवसायी, संघ/संस्था तथा वन उपभोक्ता समूहहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्बकको प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कार्यक्रम सञ्चालनका लागि स्वीकृत कार्यक्षेत्रगत शर्त निर्देशनालयको वेवसाईट : **iccrpd.gandaki.gov.np** मा राखिएको छ ।



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः वि.स. २०१९/०५/ २८ गते

स्वर्गारोहणः वि.स. २०७८/०२/०५ गते

**स्वः सूर्यकान्त सिग्देल**

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३ सिग्देल ग्राम स्थित पृथ्वीधर सिग्देल समाजका सदस्य पिता रमेशकान्त / माता मनोहरा सिग्देलका जेष्ठ सुपुत्र मृदुभाषी होनाहार, सबैका प्रिय सरल स्वभावका धनी **सूर्यकान्त सिग्देल** को देहावसनले हाम्रो समाज नै स्तब्ध एवम् मर्माहत भएको छ। विगत २९ वर्षसम्म नेपाल सरकारको विभिन्न ओहोदामा रहि लुम्बिनी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सचिव पदमा रहि हालै निवृत हुनु भएका कुशल प्रशासकको स्वार्गारोहणले अपुरणीय क्षति हुन गएको छ। यस दुःखको घडीमा आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माले ब्रम्हलिन प्राप्त गरोस् भन्ने अपेक्षाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै उहाँका श्रीमती निर्मला सिग्देल, छोरी श्रद्धा, श्रीया, सम्पदा र छोरा सम्पन्न लगायत सम्पूर्ण परिवारजनमा दुःख बहन गर्ने सक्ने शक्ति, सामर्थ तथा सहनशिलता हाम्रा कुल देवता र परमपिता परमेश्वरबाट प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अध्यक्ष एवम्**
**पृथ्वीधर सिग्देल समाज परिवार**
**पोखरा-१३, सिग्देलग्राम, कास्की**